भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा

# मेडिकल सामग्री आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशन मिति : (२०७८/०२/१९ गते)

१) यस नगरपालिकाको चरिकोट अस्पतालका लागि कोभिड - १९ संक्रमण नियन्त्रणसँग सम्बन्धित तपसिलबमोजिमको मेडिकल सामग्री आपुति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहायबमोजिमको सर्तहरुको अधिनमा रहेर रितपूर्वकको बोलपत्र E–biding (www.bolpatra.gov.np/egp) को माध्यामबाट पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

२) बोलपत्र पेस गर्दा यो सूचना प्रकाशित भएको मितिले तोकिएको मिति तथा समयभित्र फर्म/कम्पनी/संस्था दर्ता र नवीकरणको प्रमाण पत्रको प्रमाणित छायाप्रति, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित छायाप्रति, आ.व. २०७६/०७७ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित छायाप्रति र बोलपत्र फाराम दस्तुर (रकम फिर्ता नहुने गरी) बापतको रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरीकोट शाखामा रहेको खाता नं. १३००३०००००१००१०००००३ मा जम्मा गरी सोको भौचर बोलपत्र फारामको साथ संलग्न गर्नुपर्ने छ ।

३) वोलपत्र फाराम साथ बोलपत्र जमानत रकम यस कार्यालयको नाममा नेपाल वैंक लिमिटेड, चरिकोट शाखामा रहेको खाता न १३००३००००००३०००००००००३ मा जम्मा गरी सोको भौचर (for bid security purposes) वा मान्यता प्राप्त वाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोल्ने मितिबाट १२० दिन म्याद भएको बोलपत्र जमानत बोलपत्र फाराम साथ पेस गर्नुपर्ने छ ।

४) स्वीकृत बोलपत्रदाताले सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र मेडिकल सामग्री आपूर्ति तथा जडान गरी सक्नुपर्ने छ ।

५) दर्ता हुन आएका बोलपत्रहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) बोलपत्र सम्वन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरेबमोजिम हुने छन् ।

८) अन्य विषय सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

९) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

**बोलपत्र सम्बन्धी विवरण:**

| ठेक्का नं. | ठेक्का/योजना नाम | लागत अनुमान रकम रु (मू.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम (रु) | बोलपत्र फाराम खरिद अवधि | बोलपत्र फाराम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BMP/NCB/GOODS/2077-078/E/29 | Supply and installation of Oxygen Plant at Charikot Hospital, Dolakha | ८८,४९,५५७/५२ | ३,०००/- | २,५०,०००/- | सूचना प्रकाशन मितिले ७ औं दिनसम्म | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले ८ औ दिन दिनको २ वजे |
| BMP/NCB/GOODS/2077-078/E/30 | Establishment of HDU at Charikot Hospital, Dolakha | ८१,५०,४४२/४८ | ३,०००/- | २,४०,०००/- | सूचना प्रकाशन मितिले ७ औं दिनसम्म | सूचना प्रकाशन मितिले ८ औं दिन दिनको १२ वजेभित्र | सूचना प्रकाशन मितिले ८ औ दिन दिनको २ वजे |